# लिखु गाउँपालिकाको

## विनियोजन ऐन, २०७८

गाँउसभाबाट स्वीकृत  मिति:२०७८।०३।२३

लिखु गाउँपालिका

<u>लिखु गाउँपालिकाको विनियोजन ऐन, २०७८</u>

**लिखु गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

गाँउसभाबाट स्वीकृत मितिः २०७८/०३/२३

<u>प्रस्तावनाः</u> लिखु गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम लिखु गाउँ सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)यस ऐनको नाम " लिखु गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>आर्थिक वर्ष २०७८।७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u> (१)आर्थिक वर्ष २०७८।७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४६,९८,५३,०००।- (अक्षेरुपी छयालीस करोड अन्ठानब्बे लाख त्रिपन्न हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. <u>विनियोजनः</u> (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त लिखु गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।। सशर्त कार्यक्रममा परेको कार्यक्रमसँग अन्य कार्यक्रम दोहोरो परेमा दोहोरो पर्न गएमा त्यस्तो कार्यक्रम संशोधन गरी अन्य कार्यक्रममा खर्च गर्न सकिनेछ। संशोधित अनुमान भन्दा बढी रकम बचत हुन आएमा कार्यपालिकाले निर्णय गरी आवश्यक विनियोजन गर्न सक्नेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशर्त कार्यक्रमको रकम अन्य शीर्षकमा र अन्य शीर्षकबाट सशर्त शीर्षकमा रकम सार्न सकिने छैन तथा एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिकाको कार्यालय (वडा कार्यालय समेत) | ७३५७८ | १८०८३९ | | २५४४१७ |
| २ | | नेपाल सरकार र प्रदेश सरकार सशर्त अनुदान कार्यक्रम | १५६४५६ | | | १५६४५६ |
| ३ | | नेपाल सरकार र प्रदेश सरकार विशेष अनुदान | | २३१०० | | २३१०० |
| ४ | | नेपाल सरकार र प्रदेश सरकार समपुरक अनुदान | | ३५८८० | | ३५८८० |
| ५ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ६ | | लगानी (शेयर/ऋण) | | | | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम ‘लिखु गाउँपालिकाको विनियोजन ऐन, २०७८’ प्रमाणीकरण गर्दछु ।

अध्यक्ष : ध्रुव श्रेष्ठ